बैठक संख्या: ४/२०८१/०८२

बैठक मिति: २०८१/०८/१९

समय: बिहान ८:०० बजेदेखि

स्थान: सुनछहरी गाउँपालिका, वडा नं २ विवाङ दह ।

सुनछहरी गाउँपालिका अध्यक्ष श्री धनबहादुर पुन मगर ज्यूको अध्यक्षतामा र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति बिबरण:**

| क्र.स. | नाम थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | धनबहादुर पुन मगर | अध्यक्ष | | |
| २. | ननकला घर्ती | उपाध्यक्ष | | |
| ३. | अमरजित पुनमगर | ६ नं वडाध्यक्ष | | प्रवक्ता |
| ४. | धनीमान रोका | १ नं. वडा अध्यक्ष | | |
| ५. | कृष्ण बहादुर बुढा | २ नं वडा अध्यक्ष | | |
| ६. | उड्बीर घर्तीमगर | ३ नं वडा अध्यक्ष | | |
| ७. | हर्कराम बुढामगर | ४ नं वडा अध्यक्ष | | |
| ८. | देविलाल रोका मगर | ५ नं वडा अध्यक्ष | | |
| ९. | राज बहादुर रोकामगर | ७ नं वडा अध्यक्ष | | |
| १०. | निरमला पुन | म. सदस्य | | |
| ११. | अनिषा विष्ट | म. सदस्य | | |
| १२. | वाना राना मगर | म. सदस्य | | |
| १३. | दिपा घर्ती मगर | म. सदस्य | | |
| १४. | मन बहादुर वि.क | द. सदस्य | | |
| १५. | पूर्ण गोतामे | द. सदस्य | | |
| १६. | प्रेम बहादुर घर्ती | सदस्य- सचिव | | |

अन्य उपस्थिति:

| क्र स | नामथर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | दया बहादुर बुढा मगर | सहायक पाँचौ | | |
| २ | मनिस सुनार | लेखापाल | | |
| ३ | घनश्याम रमाल | इन्जिनियर | | |
| ४ | मनोज कु. महतो | अ. स. इन्जिनियर | | |
| ५. | अभिस पुनमगर | का. स | | |
| ६. | कामान पुनमगर | का. स | | |
| ७. | रण बहादुर घर्ती | हे. स. चा. | | |
| | | | | |

चौथो कार्यपालिका बैठकका कार्यसूचीहरु

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा।

२. स्वास्थ्य नीति, २०८१ छलफल सम्बन्धमा ।

३. बाख्रा पर्वद्धन कार्यक्रम क्षेत्र निर्धारण सम्बन्धमा।

४. अमानतबाट सडक मर्मत भुक्तानी सम्बन्धमा।

५. बहु क्षेत्रीय पोषणका लागि वडा छनौट सम्बन्धमा।

६. जलवायु अनुकुलन पर्यटन विकास सम्बन्धमा।

७. द्वन्द्व पिडित महिलाहरुकालागि सिपमुलक तथा परिपुरण कार्यक्रम छनौट सम्बन्धमा ।

८. अर्गानिक पोसिलो पिठो विद्यालयमा पुऱ्याउन अनुमती सम्बन्धमा ।

९. प्रशासनिक भवन तथा निवास पार्टेसन सम्बन्धमा।

१०. राष्ट्रिय परिचयपत्र अनिवार्य बनाउने सम्बन्धमा।

११. प्रधानमन्त्री रोजगार योजना अनुमोदन सम्बन्धमा।

१२. सड्क बोर्ड योजना छनौट सम्बन्धमा।

१३. विविध सम्बन्धमा।

निर्णयहरु:

| निर्णय क्रम संख्या | निर्णयको ब्यहोरा | निर्णय कार्यन्वयनमा जिम्मेवार शाखा/ निकाय/पक्षहरु | कै. |
|---|---|---|---|
| १ | मिति २०८१।०७।०९ गते ३ औ कार्यपालिका बैठकका निर्णयहरुको कार्यन्वयनको अवस्थामा समीक्षा गरियो । | प्रमुख प्रशासकीय अधिकृत | |
| २ | सुनछहरी गाउँपालिकामा रहेको स्वास्थ्य क्षेत्रको समस्याहरुको निराकरण गर्न स्वास्थ्य शाखाबाट तयार स्वास्थ्य नीति २०८१ लाई छलफल गरी थप सल्लाह सुझावका लागि वडा कार्यालयहरुमा पठाउने। | स्वास्थ्य शाखा | |
| ३ | चालु आ.व. २०८१।८२ मा पशु विकास शाखाबाट संचालन हुने बाख्रा पर्वद्धन कार्यक्रम वडा नं १ मा कार्यान्वयन गर्ने। | पशु विकास शाखा | |
| ४ | सुनछहरी गाउँपालिकाबाट चालु आ.व. २०८१/८२ मा पालिकाभर १ लाख भित्र रहि अमानतबाट मर्मत भएका तपसिलबमोजिमका सड्कहरुको भुक्तानी वडा सचिव/प्राविधिक हरुलाई प्राविधिक मूल्यांकनको आधारमा भुक्तानी दिने।<br>क. पोवाङ-पालिका-खेलमैदान सड्क मर्मत<br>ख. बाहिरीगाम- पाङवाङ- झारवाङ सड्क मर्मत<br>ग. कसला फिल्ड सड्क मर्मत<br>घ. सड्क मर्मत कार्य कसला<br>ङ. वासादुङ-थनवाङ सड्क मर्मत | प्रमुख प्रशासकीय अधिकृत | |
| ५ | चालु आ.व. २०८१।८२ मा पोषण शाखाबाट संचालन हुने बहुक्षेत्रीय पोषण कार्यक्रम वडा नं ६ मा कार्यान्वयन गर्ने। | पोषण सहजकर्ता | |
| ६ | जलवायु अनुकुलन पूर्वाधार निर्माण, पर्यटन पर्वद्धन, दिगो विकास, मुहान तथा सिमसार क्षेत्रको संरक्षण , युद्ध पर्यटन र अर्गानिक कृषि हव निर्माणका लागि विवाङ घोषणापत्र जारी गरी कार्यान्वयन गर्ने। साथै सुनछहरी गाउँपालिका, सुनिलस्मृति गाउँपालिका र लुंग्री गाउँपालिकाको सहमतीमा भएको ७ बुँदे निर्णयहरु अनुमोदन गरी कार्यान्वयन गर्ने। | गाउँकार्यपालिका | |
| ७ | चालु आ.व. २०८१।८२ मा महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाबाट संचालन हुने द्वन्द्व पिडित महिलाहरुकालागि सिपमुलक तथा परिपुरण कार्यक्रम थप छलफल सहित आगामी कार्यपालिकामा पेश गर्ने। | अध्यक्ष | |
| ८ | सुनछहरी गाउँपालिका वडा नं. ४ मा रहेको लुङ्खोला स्वास्थ्य आमा समूले सुनछहरी गाउँपालिकाको उद्यम | उद्यम विकास शाखा | |

<table>
<tr>
<td></td>
<td>विकास शाखाबाट तालिम प्राप्त गरी उद्योग मार्केट पिठो उत्पादन गरिरहेको र बजारीकरणका लागि सञ्चालित आमा समूहबाट आवश्यक कागजातसहित अनुदानी माग भएकोमा उक्त आमा समूहलाई बिक्रि वितरणका लागि अनुदानी प्रदान गर्ने।</td>
<td></td>
<td></td>
</tr>
<tr>
<td>९</td>
<td>सुनछहरी गाउँपालिकामा मौजुदा कोठाहरु अपुग भई थप कोठा विस्तार गर्नुपर्ने भएको साथै निवासमा समेत केहि मर्मत गर्नुपर्ने तर बजेट व्यवस्था नभएकोले पछि बजेट व्यवस्थापन गर्ने गरी सोझै खरिद प्रक्रिया अपनाइ कामलाई अघि बढाउन निर्देशन दिने।</td>
<td>प्रमुख प्रशासकीय अधिकृत / प्राविधिक-योजना शाखा</td>
<td></td>
</tr>
<tr>
<td>१०</td>
<td>आगामी माघ महिनादेखि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको राष्ट्रिय परिचयपत्र अनिवार्य गर्नुपर्ने व्यवस्था बमोजिम सुनछहरी गाउँपालिका भित्रका परिचयपत्र प्राप्त नगरेका लाभग्राहिहरुको तथ्यांक पुस १५ गतेभित्र एकिन गर्ने।</td>
<td>सम्पूर्ण वडा कार्यालयहरु</td>
<td></td>
</tr>
<tr>
<td>११</td>
<td>चालु आव २०८१/८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका वडामार्फत सिफारिस योजनाहरु अनुमोदन गरी कार्यान्वयन गर्ने।
<table>
<tr><th>क्र. सं.</th><th>योजनाहरुको नाम</th><th>वडा</th><th>बजेट</th><th>श्रमिक सं</th><th>रोजगारी दिन</th><th>बजेट स्रोत</th></tr>
<tr><td>१.</td><td>छनवाङदेखि गोर्खाने सेमेसम्म सिढी सहितको गोरेटो वाटो निर्माण योजना</td><td>१</td><td>३३४०००</td><td>५</td><td>१००</td><td>आइ. डि. ए.</td></tr>
<tr><td>२.</td><td>गोङबाङदेखि झेलुगुङ सम्म मोटरवाटो मर्मत योजना</td><td rowspan="2">२</td><td>२००४००</td><td rowspan="2">६</td><td rowspan="2">१००</td><td>आइ. डि. ए.</td></tr>
<tr><td>३.</td><td>मुइकाधारादेखि वासा सम्म मोटरवाटो मर्मत योजना</td><td>२००४००</td><td>आइ. डि. ए.</td></tr>
<tr><td>४.</td><td>रिजावन सामुदायिक भवन निर्माण योजना</td><td>३</td><td>६०१२००</td><td>९</td><td>१००</td><td>नेपाल सरकार</td></tr>
<tr><td>५.</td><td>घर्तीदिरा तङदाङ गोम्वाङ परियार टोल सिढी वाटो निर्माण योजना</td><td>३</td><td>५३४४००</td><td>८</td><td>१००</td><td>नेपाल सरकार</td></tr>
<tr><td>६.</td><td>नाट्घा देखि वडा कार्यालय सम्म मोटर वाटो मर्मत तथा कच्ची नाली निर्माण योजना</td><td>४</td><td>४६७६००</td><td>७</td><td>१००</td><td>आइ. डि. ए.</td></tr>
<tr><td>७.</td><td>हाम्जा फेर देखि साईखोरसम्म सिढी तथा गोरेटो वाटो निर्माण योजना</td><td>५</td><td>३३४०००</td><td>५</td><td>१००</td><td>नेपाल सरकार</td></tr>
<tr><td>८.</td><td>फलबाङ गाउँदेखि मेहेलघुरीसम्म सिढी तथा गोरेटो वाटो निर्माण योजना</td><td>५</td><td>३३४०००</td><td>५</td><td>१००</td><td>नेपाल सरकार</td></tr>
<tr><td>९.</td><td>भुङरीवाङ पुलफेद देखि नयाँगाउँ मोटरवाटो सम्म सिढी निर्माण योजना क्रमागत</td><td>६</td><td>५३४४००</td><td>८</td><td>१००</td><td>नेपाल सरकार</td></tr>
<tr><td>१०</td><td>सालघार जेल्वाङ मोटर वाटो मर्मत योजना</td><td>७</td><td>४००८००</td><td>६</td><td>१००</td><td>आइ. डि. ए.</td></tr>
<tr><td>११</td><td>रुल्वाङदेखि कोईधारा हुँदै भर्दौर थानसम्म गोरेटो बाटो निर्माण योजना</td><td>७</td><td>६६८०००</td><td>१०</td><td>१००</td><td>आइ. डि. ए.</td></tr>
<tr><td>१२</td><td>खिवाङ तल्लो हाङतादेखि माथिल्लो हाङतासम्म गोरेटो वाटो निर्माण योजना</td><td>७</td><td>४००८००</td><td>६</td><td>१००</td><td>आइ. डि. ए.</td></tr>
</table>
</td>
<td>रोजगार सेवा केन्द्र</td>
<td></td>
</tr>
<tr>
<td>१२</td>
<td>सड्क बोर्ड नेपाल को  च.नं. ४३९ मिति २०८१ असोज १३ गतेको पत्रमार्फत रु. १०००००० बजेट स्वीकृत भएको सो कार्यान्वयनका लागि गाउँपालिकाको तर्फबाट रु. २५०००० साझेदारी गरी पोवाङ्ग-पालिका-खेलमैदान सड्क मर्मत आयोजना कार्यान्वयन गर्ने।</td>
<td>योजना/ प्राविधिक शाखा</td>
<td></td>
</tr>
<tr>
<td>१३</td>
<td>विविध कार्यसूचिमा छलफल गर्दा तपसिल बमोजिम निर्णयहरु गरियो:<br>क. सहिद प्रतिष्ठान सुनछहरी गाउँपालिका उपशाखा को नाममा साविक जैमाकसला २ बस्ने नयन घर्तीको नाती, दलमनि घर्तीको छोरा झने घर्तीको नाममा दर्ता श्रेस्ता रहेको कि. नं. ३८२ पास गर्नको लागि मालपोत कार्यालयमा सिफारिस गर्ने।<br>ख. तपसिल बमोजिमका सड्कहरु मर्मत गर्ने<br>-कुइया मौलावन सड्क मर्मत<br>-धर्मशाला सड्क मर्मत</td>
<td>कार्यपालिका</td>
<td></td>
</tr>
</table>

सुनछहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पोवाङ, रोल्पा लुम्बिनी प्रदेश, नेपाल

प्रेम बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत